## ४१ औं कार्यपालिका बैठक २०८१।०८।११

प्रस्ताब नं.१. टीकापुर विमानस्थल सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा ।

निर्णय नं.१. प्रस्ताब नं १ माथी छलफल गर्दा टीकापुर स्थित विमानस्थलवाट नियमित रुपमा हवाईउडानको व्यवस्थाका लागी यस नगरपालिका र ताराएयर बीच भएको सम्झौता अनुसार विमानस्थल सञ्चालन गर्ने र सो हवाईसेवा सञ्चालन गर्दा लाग्ने अनुमानित खर्च रकम रु.१,००,०००(एक लाख) टीकापुर बिमानस्थल संन्चालनका लागी गठित समिति बाट यस नगरपालिकामा हस्तान्तरण भई आएको रकम मध्येबाट हाललाई श्रोत सुनिश्चित गर्ने एवं सो रकमबाट हाल लाई प्रति यात्रुहरु लाई ३० प्रतिसत अनुदान दिने निर्णय गरियो । साथै नियमित हवाईसेवा सुचारु गर्नका लागि मापदण्ड तयार लगायतका कार्य गर्ने तपसिल बमोजिमको हवाईसेवा संन्चालनका लागी मापदण्ड तयारी समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

१.संयोजक श्री लालवीर चौधरी, वडा अध्यक्ष वडा नं.४
२.सदस्य श्री दिपक निसानी, कार्यपालिका सदस्य
३.सदस्य श्री राम बहादुर नगार्जी, कार्यपालिका सदस्य
४.सदस्य श्री सरस्वती तिरुवा, कार्यपालिका सदस्य
५.सदस्य श्री केशर वहादुर थापा, कानून अधिकृत

प्रस्ताब नं.२. कर्मचारी संगठन संरचना तथा दरबन्दी तेरिज पारित सम्बन्धमा ।

निर्णय नं.२. प्रस्ताब नं २ माथी छलफल गर्दा यस नगरपालिकाको संगठन तथा व्यवस्थापन(**O&M**) सर्वेक्षण पुनरावलोकन प्रतिवेदन, २०८१ मिति २०८१।०८।१२ गते बस्ने कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो ।

प्रस्ताब नं.३ टीकापुर नगरपालिकाको सार्वजनिक खरिद नियमावली संशोधन सम्बन्धमा ।

निर्णय नं.३ प्रस्ताव नं.३ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ बमोजिम यस नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा सम्पत्ति कर र दफा ५६ बमोजिम सम्पत्ति कर लागेको घरजग्गा बाहेकको अन्य जग्गामा भूमिकर (मालपोत) लगाउने व्यवस्था रहेको सन्दर्भमा हाल यस नगरपालिकाले लगाएको सम्पत्ति करका सम्बन्धमा देखिएको जनगुनासो र अन्य स्थानीय टीकापुर नगरपालिकाको मिति २०८१।०६।०४ गते बसेको ४०औं नगर कार्यपालिका बैठकको निर्णय नं.१५ बाट यस नगरपालिकाको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोबस्त कार्यलाई थप व्यवस्थित र सहज बनाउन टीकापुर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ मा आवश्यक निम्नानुसार संशोधन गर्ने निर्णय गरियो ।

| क्र.सं. | संशोधन गर्नुपर्ने दफा | हालको व्यवस्था | संशोधन हुनुपर्ने व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|---|

प्रमाणित

२०८१-८-११

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १ | दफा ५६ को उपदफा (१) | मौजुदा कानूनमा व्यवस्था नरहेको | दफा ५६ को उपदफा (१) को खण्ड (घ) भन्दा पछि नयाँ खण्ड (ङ) थप गर्नुपर्ने ः आन्तरिक आय सम्बन्धी ठेक्काको बीसलाख रुपैयाँसम्मको लागि एक हजार रुपैया, | हालको व्यवस्थामा बीस लाख रुपैयाँ भन्दा कमको ठेक्काको लागि बोलपत्र सम्बन्धी कागजातको दस्तुर उल्लेख नभएकोले । |
| २ | दफा १३८ को उपदफा (१) | प्रचलित कानुन बमोजिम सभाले निर्णय गरे अनुसारको कर, सेवाशुल्क, दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न एक आर्थिक वर्षको लागि ठेक्का बन्दोबस्त गर्न सकिनेछ । तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा तीन वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ । | प्रचलित कानुन बमोजिम सभाले निर्णय गरे अनुसारको कर, सेवाशुल्क, दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न एक आर्थिक वर्षको लागि ठेक्का बन्दोबस्त गर्न सकिनेछ । तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बहालमा कोठा दिने गरि निर्माण भएका सपिङ्ग कम्प्लेक्स वा अन्य भवनका कोठा, टीकापुर बंगलापार्क भित्रको फलफूल बगैँचा र घण्टाघरको हकमा कार्यपालिकाको निर्णयानुसार बढीमा सात वर्षसम्म र अन्य ठेक्काको हकमा बढीमा तीन वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ । एकैपटक तीन वर्षभन्दा बढी अवधिको लागि ठेक्का बन्दोबस्त गर्दा २/२ वर्षपछी १० प्रतिशतका दरले शुरु ठेक्का रकममा स्वतःवृद्धि हुने गरि ठेक्का सम्झौता गर्नुपर्नेछ । | ठेक्का अवधि छोटो भएको कारणले पटक पटक बोलपत्र आह्वान गर्दा समेत ठेक्का बन्दोवस्त हुन नसकेको हुँदा केहि ठेक्काको समयावधि बढाउन आवश्यक देखिएकोले । |

रामलाल डगौरा थारु
नगर प्रमुख

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ३ | दफा १३८ को उपदफा (५) | उपनियम (४) को खण्ड (ङ) र खण्ड (झ) बमोजिम प्रकाशित सूचना बमोजिम बोलपत्र दिने वा डाँक बोल्ने व्यक्तिले आफुले कबुल गरेको अङ्कको पाँच प्रतिशत रकम नगदै वा सूचनामा तोकिएको बैंङ्कमा जमानत बापत रकम जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंङ्कबाट मान्यता प्राप्त बैंङ्कले जारी गरेको कम्तीमा नब्बे दिन म्याद भएको बिडबण्डको सक्कल प्रति संलग्न राख्नु पर्नेछ । तर यस नियम बमोजिम बढाबढ गर्दा कबोल अङ्क तोकिए बमोजिमको न्यूनतम अङ्कभन्दा घटी हुन आएमा राजश्व परामर्श समितिको सिफारिसमा नयाँ न्यूनतम अङ्क कायम गरी पूनः यस नियमावली अनुसारको प्रकृया अपनाई आन्तरिक आय संकलनको व्यवस्था गर्न सकिनेछ । | उपनियम (४) को खण्ड (ङ) र खण्ड (झ) बमोजिम प्रकाशित सूचना बमोजिम बोलपत्र दिने वा डाँक बोल्ने व्यक्तिले आफुले कबुल गरेको अङ्कको पाँच प्रतिशत रकम नगदै वा सूचनामा तोकिएको बैंङ्कमा जमानत बापत रकम जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंङ्कबाट मान्यता प्राप्त बैंङ्कले जारी गरेको कम्तीमा नब्बे दिन म्याद भएको बिडबण्डको सक्कल प्रति संलग्न राख्नु पर्नेछ । तर यस नियम बमोजिम बढाबढ गर्दा कबोल अङ्क तोकिए बमोजिमको न्यूनतम अङ्कभन्दा घटी हुन आएमा वा कसैले पनि बढाबढ प्रक्रियामा भाग नलिएमा राजश्व परामर्श समितिको सिफारिसमा नगर कार्यपालिकाबाट नयाँ न्यूनतम अङ्क कायम गरी पूनः बढीमा एक पटकसम्म यस नियमावली अनुसारको प्रकृया अपनाई आन्तरिक आय संकलनको व्यवस्था गर्न सकिनेछ । यसरी कायम भएको न्यूनतम अङ्कको आधारमा समेत ठेक्का बन्दोबस्त हुन नसकेमा नगर सभाले औचित्यता खुलाई उचित न्यूनतम अङ्क कायम गर्न सक्नेछ । | आर्थिक ऐनमा तोकिए बमोजिमको न्यूनतम अङ्कबाट पटक पटक ठेक्का खोल्दा ठेक्का नलागेकोले नयाँ न्यूनतम अङ्क कायम गर्न सम्बन्धमा स्पष्ट व्यवस्था गर्न आवश्यक भएकोले । |

प्रस्ताव नं.४. विभिन्न कार्यविधि पारित तथा संशोधन सम्बन्धमा ।

निर्णय नं.४ प्रस्ताव नं.४ माथि छलफल गर्दा तपसिलका बमोजिमका कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो।

१.अनाथ तथा असहाय बालबालिका संरक्षण केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८१

प्रस्ताव नं.५ सम्पत्ति कर र मालपोत/ भूमिकर सम्बन्धमा ।

निर्णय नं.५ प्रस्ताव नं.५ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ बमोजिम यस नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा सम्पत्ति कर र दफा ५६ बमोजिम सम्पत्ति कर लागेको घरजग्गा बाहेकको अन्य जग्गामा भूमिकर (मालपोत) लगाउने व्यवस्था रहेको सन्दर्भमा हाल यस नगरपालिकाले लगाएको सम्पत्ति करका सम्बन्धमा देखिएको जनगुनासो र अन्य स्थानीय तहको अभ्यास समेतलाई मध्यनजर गर्दै आगामी आ.व.को आर्थिक ऐन मार्फत सो सम्बन्धमा उपयुक्त व्यवस्था गर्नका

नगर प्रमुख

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

लागि आवश्यक अध्ययन गरि २०८१ चैत्र मसान्त भित्र सिफारिस सहितको प्रतिवेदन पेश गर्न तपसिल बमोजिमको अध्ययन तथा सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| क)वडा अध्यक्ष-वडा नं ६ | श्री बलिराम चौधरी -संयोजक |
| ख)कार्यपालिका सदस्य | श्री रुपमती चौधरी-सदस्य |
| ग)वडा सचिव –वडा नं १ | श्री तारा विक्रम राना-सदस्य |
| घ)वडा सचिव –वडा नं ३ | श्री देव नारायण थारू-सदस्य |
| ङ) वडा सचिव –वडा नं ७ | श्री कमला पोखेल-सदस्य |
| च)सब-ईन्जिनियर | श्री दानेन्द्र आचार्य-सदस्य |
| छ)कम्प्युटर अपरेटर(राजश्व शाखा) | श्री अमृता रावल-सदस्य सचिव |

प्रस्ताब नं.६ मेयरसँग युवा खेलकुद कार्यक्रम शीर्षक अन्तर्गत रकम विनियो जन सम्बन्धमा ।

निर्णय नं.६ प्रस्ताव नं.६ माथी छलफल गर्दा मेयर संग युवा शिर्षकमा विनियोजित रकमवाट देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्न रकम उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.स. | कार्यक्रम तथा आयोजनाको नाम | रकम | श्रोत | कैफियत |
|---|---|---|---|---|
| १ | भलिबल(टीकापुर भलिबल ट्रेनिङ सेन्टर भलिबल खेल प्रतियोगिता संन्चालन | २,५०,००० | मेयर संग युवा | |
| २ | टीकापुर युवा क्लब द्वारा आयोजित क्रिकेट खेल प्रतियोगिता | १,५०,००० | मेयर संग युवा | |

प्रस्ताब नं.७ टीकापुर गौशाला व्यवस्थापनको म्याद थप गर्ने सम्बन्धमा ।

निर्णय नं.७.प्रस्ताव नं.७ माथि छलफल गर्दा टीकापुर आसपास क्षेत्रका सामुदायीक पशु चौपाया व्यवस्थापन गर्ने कार्यका लागी टीकापुर गौशाला व्यवस्थापन समिति र यस नगरपालिका बीच भएको सम्झौताको म्याद सकिएकाले सम्झौता अनुसार उक्त समितिले सामुदायीक पशु चौपाया व्यवस्थापन गर्ने कार्य संन्तोषजनक रुपमा गरि रहेकोले आगामी २०८२ असार मसान्त सम्मका लागी सम्झौताको म्याद थप गर्ने निर्णय गरियो ।

प्रस्ताब नं.८ कृते कागजातमा कारबाही (माण्डव्य कन्स्ट्रक्सन) सम्बन्धमा।

निर्णय नं.८ प्रस्ताव नं.८ माथि छलफल गर्दा टीकापुर नगरपालिकाले खक्रौला नाकामा कवाडीको सामान निकासी शुल्क सम्बन्धी सूचना गरेकोमा माण्डव्य कन्स्ट्रक्सन प्राली सँग रु ४३ लाख मा ठेक्का सम्झौता बमोजिम कवाडीको सामान निकासी शुल्क उठाउनेको लागि माण्डव्य कन्स्ट्रक्सन प्रालीलाई १ देखि १०० सम्मको ठेली थान १ र १०१ देखि १८०० सम्म १७ थान गरि जम्मा १८ थान रसिद ठेली टिकापुर नगरपालिकाले छाप लगाई सही गरिदिएकोमा माण्डव्य कन्स्ट्रक्सन प्रालीका प्रो गणेशप्रसाद भण्डारी र माण्डव्य कन्स्ट्रक्सन प्रालीका अख्तियार प्राप्त व्यक्ति जनकबहादुर शाहीको मिलेमतोमा टिकापुर नगरपालिकाको नामको रसिद ठेली छापी उक्त रसिद ठेलीमा टिकापुर नगरपालिकाको नक्कली छाप लगाई कृते हस्ताक्षर समेत गरेको नगदी रसिद ठेली बजारमा अनुगमन गर्ने क्रममा रसिद नम्बर २६०१ समेत फेला परेकोले टिकापुर नगरपालिकाले रसिद नम्बर १८०० मात्र दिएको र प्रा.ली.ले बुझिलिएकोमा नगरपालिकाको छाप, रसिद र रसिदमा कृते छाप सही छाप समेत गरेको भेटिएको हुँदा माण्डव्य

रामलाल डगौरा थारु
नगर प्रमुख

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

कन्स्ट्रक्सन प्रा.ली.का प्रो.गणेशप्रसाद भण्डारी र अख्तियार प्राप्त व्यक्ति जनक बहादुर शाहीलाई सरकारी छाप, हस्ताक्षर कृतेमा हदैसम्म सजायका लागि मुद्दा चलाउने निर्णय गरियो ।

प्रस्ताब नं.९ योजना संशोधन सम्बन्धमा ।

निर्णय नं.९ प्रस्ताव नं.९ माथि छलफल गर्दा आगामी नगर सभाबाट अनुमोदन तथा समर्थन हुने गरी क्षेत्रगत आयोजना तथा कार्यक्रमहरुको प्रगति समिक्षाको आधारमा तपसिल बमोजिम आयोजना तथा कार्यक्रमहरुलाई संशोधन गर्ने र कार्यान्वयन गर्ने निर्णय गरियो।

तपसिलः

| क्र. स. | साविक आयोजना तथा कार्यक्रम | साविक विनियोजित रकम रु. | क्र. स. | संशोधित आयोजना तथा कार्यक्रम | आयोजना स्थल | विनियोजन रकम |
|---|---|---|---|---|---|---|
| १ | बसन्ता देखि पहाडिपुर जाने वाटो कालोपत्रे योजना | १०,००,०००।- | १ | बसन्ता देखि पहाडिपुर जाने वाटो सम्म र मनिकापुर देखि खक्रौला रोड जाने बाटो कालोपत्रे निर्माण योजना | वडा नं.५ | १०,००,०००।- |
| २ | नवदुर्गा आधारभुत विधालयको पर्खाल निर्माण | २,५०,०००।- | २ | नवदुर्गा आधारभुत विधालय परिसरमा साईकल मोटरसाईकल स्टेन्ट निर्माण | वडा नं.१ | २,५०,०००।- |
| ३ | अधुरो सामुदायीक भवन निर्माण | ५,००,०००।- | ३ | अधुरो सामुदायीक भवन निर्माण र कान्छाराम चौधरी घर नजिक कुलामा कल्भर्ट निर्माण | वडा नं.६ | ११,५०,०००।- |
| ४ | कान्छाराम चौधरी घर नजिक कुलामा कल्भर्ट निर्माण | ६,५०,०००।- | | | | |
| ५ | खक्रौला सडक सिता चौधरीको घर देखि आ.एम.ई.स्कुल हुदै जुम्लीपुर कोदैपुर जाने वाटो कालो पत्रे | ६०,००,०००।- | ४ | खक्रौला सडक सिता चौधरीको घर देखि आ.एम.ई.स्कुल हुदै जुम्लीपुर केदैपुर जाने वाटो कालो पत्रे | वडा नं.४ | ३०,००,०००।- |
| ६ | वडा नं.४ इन्द्रैया पिपल चौतारा देखि लक्षिनापुर जाने वाटो कालो पत्रे आयोजना | ३०,००,०००।- | ५ | वडा नं.४ इन्द्रैया पिपल चौतारा देखि लक्षिनापुर जाने वाटो कालो पत्रे आयोजना | वडा नं.४ | ६०,००,०००।- |
| ७ | वडघर,चिराकीहरुलाई स्वास्थ्य विमा कार्यक्रम | २५,०००।- | ६ | वडघर,चिराकीहरुलाई स्वास्थ्य विमा कार्यक्रम | वडा नं.४ | १७,५००।- |
| | | | ७ | खेलकुद तथा साँस्कृतिक कार्यक्रम | वडा नं.४ | ७,५००।- |
| ८ | सामुदायीक भवनमा विजुली तथा पिउने पानी | १५,०००।- | ८ | सामुदायीक भवनमा विजुली तथा पिउने पानीको विल वडा कार्यालयको प्रशासनिक चालु खर्च | वडा नं.४ | १५,०००।- |

प्रस्ताब नं.१० सटरको (मासु पसल) न्यूनतम ठेक्का दर तोक्ने सम्बन्धमा ।

निर्णय नं.१० प्रस्ताव नं.१० माथि छलफल गर्दा यस टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको स्वामित्वमा रहेको टीकापुर न.पा. वडा नं.१, ब्लक नं.ए स्थित साविकको मासु पसलहरु रहेको भवनको कोठाहरुको मर्मतसंभार कार्य सम्पन्न भई पुनः ठेक्का प्रक्रिया मार्फत बहालमा लगाउनु पर्ने भएकोले तपसिल बमोजिम न्यूनतम मासिक भाडा दर निर्धारण गर्ने निर्णय गरियो ।

तपसिल

प्रमाणित

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

| कोठा नं. | आ.व.२०८१/८२ को लागि न्यूनतम भाडा दर |
|---|---|
| १ | २,०००।- (दुई हजार मात्र) |
| २ | २,०००।- (दुई हजार मात्र) |
| ३ | २,०००।- (दुई हजार मात्र) |
| ४ | २,०००।- (दुई हजार मात्र) |
| ५ | २,०००।- (दुई हजार मात्र) |
| ६ | २,०००।- (दुई हजार मात्र) |
| ७ | २,०००।- (दुई हजार मात्र) |
| ८ | २,०००।- (दुई हजार मात्र) |

प्रस्ताब नं .११ निरीक्षण अधिकृत तोक्ने सम्बन्धमा ।

निर्णय नं.११ प्रस्ताव नं.११ माथी छलफल गर्दा यस नगरपालिका क्षेत्रमा रहेका वजारमा गुणस्तरियता कायम गर्न तथा अखाद्द्य सामाग्री विक्री वितरणमा रोक्न लगायतका वजार अनुगमन कार्यका लागि आर्थिक विकाश शाखा प्रमुख (अधिकृत सातौ) श्री रन्जु आचार्यलाई निरीक्षण अधिकृत तोक्ने निर्णय गरियो ।

प्रस्ताब नं.१२ पार्क व्यवस्थापन सम्बन्धमा ।

निर्णय नं.१२ प्रस्ताव नं.१२ माथी छलफल गर्दा टीकापुर पार्कमा आउने आन्तरिक तथा वाह्य पर्यटकहरुको आकर्षण बढाउन टीकापुर पार्क स्थित गेट निर्माण र चिल्ड्रेन बोटिंग पोन्ड निर्मार्ण कार्य साथै बनभोज खान आउने पर्यटकहरुको सुविधाको लागि चुल्हो र मासु कटिङ स्थल निर्माण कार्यका लागि तपिशल बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | आयोजना तथा कार्यक्रमको नाम | विनियोजीत रकम रु. | श्रोत | कार्यान्वियन विधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | टीकापुर पार्कको गेट निर्माण,पिक्निक स्थलमा चुल्हो र मासु कटिङ, चिल्ड्रेन बोटिंग पोन्ड निर्माण कार्य | १०,००,०००।- | आन्तरिक श्रोत | | |

रामलाल डगौरा थारु
नगर प्रमुख

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताब नं.१३ गाडी मर्मत सम्बन्धमा ।

निर्णय नं.१३ प्रस्ताव नं.१३ माथी छलफल गर्दा यस कार्यालयको से.१.ब.२३२ नं. को जिप पुरानो भै धेरै बिग्रिएर मर्मत गराउदा रु.९,५६,९४०.५० खर्च लागेकोले उक्त मर्मत गर्दा लागेको खर्च रकम भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताब नं.१४ कार्यालयको डेडिकेटेड इन्टरनेट लाइन जडान तथा सफ्टवेयर खरिद सम्बन्धमा ।

निर्णय नं.१४ प्रस्ताव नं.१४ माथी छलफल गर्दा यस कार्यालयको डेडिकेटेड इन्टरनेट लाइन जडान तथा दर्ता चलानी सफ्टवेयर र पार्कमा अनलाईन (Online Billing) रसिद काट्ने सफ्टवेयर खरिद कार्यका लागि तपिशल बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | आयोजना तथा कार्यक्रमको नाम | विनियोजीत रकम रु. | श्रोत | कार्यान्वयन विधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | डेडिकेटेड इन्टरनेट लाइन जडान कार्य | ५,००,००० ।- | आन्तरिक श्रोत | खरिद | |
| २ | पार्कमा अनलाईन (Online Billing) रसिद काट्ने सफ्टवेयर खरिद कार्य | ३,५०,००० ।- | आन्तरिक श्रोत | खरिद | |
| ३ | दर्ता चलानी सफ्टवेयर | ३,००,००० ।- | आन्तरिक श्रोत | खरिद | |

रामलाल डगौरा थारु
नगर प्रमुख

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

CamScanner